# बर्दघाट नगरपालिका

**नवलपरासी जिल्ला,**

**लुम्बिनी प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

| खण्ड १ | अंक: २ | भाद्र, ०८ गते २०८१ साल | (संख्या: ०५) |
|---|---|---|---|

## भाग-२

नगर कार्यपालिकाको मिति: २०८१/०४/२७ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

बर्दघाट नगरपालिकाको नीति, कानुन तथा निर्णय कार्यान्वयनमा अपेक्षित उपलव्धी हासिल गर्नुका साथै शहरी सुव्यवस्थापनका विविध क्षेत्रमा सुधार गर्दै नगर प्रहरीमार्फत प्रवाह हुने सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क (१) र बर्दघाट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बर्दघाट नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "बर्दघाट नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

## २. परिभाषाः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"नगर प्रहरी"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क (१) ले दिएको अधिकार बमोजिम करार वा ज्यालादारीमा नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(घ) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले बर्दघाट नगर कार्यपालिका सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दघाट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(छ) **"कार्यक्षेत्र"** भन्नाले यस नगरपालिकाले ओगटेको भूभाग वा नगरपालिकाको भित्री ठाउँ बिशेषलाई वा वडाले ओगटेको भूभागलाई सम्झनु पर्छ ।

(ज) **"कार्यालय"** भन्नाले नगरपालिका कार्यालय र वार्ड कार्यालय दुवैलाई सम्झनु पर्छ ।

(झ) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) **"पदपुर्ति समिति"** भन्नाले दफा ६ बमोजिमको पदपुर्ति समिति सम्झनु पर्छ ।

(ट) **"कर्मचारी"** भन्नाले नगरपालिका क्षेत्र भित्र कार्यरत कानुन वमोजिम नियुक्ति भएका कर्मचारी सम्झनु पर्छ ।

(ठ) **"वरिष्ठ समेत"** भन्नाले वरिष्ठ नगर प्रहरी भनि सम्झनु पर्छ ।

(ड) **"नगर प्रहरी प्रमुख"** भन्नाले आफू मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी वा प्रहरी नायव निरीक्षक कर्मचारी भन्ने सम्झनु पर्दछ । यस शव्दले नगर प्रहरी प्रमुख नियुक्त नभएसम्म नगर प्रहरी कर्मचारीको कमाण्ड गर्ने सहायक वा हवल्दार वा सिनियर प्रहरी जवानलाई समेत जनाउछ ।

(ढ) **"करार"** भन्नाले अनुसची १ मा तोकिएको ढाँचा बमोजिम दुई वा सो भन्दा बढी पक्ष बिच समय, पारिश्रमिक एवं आवश्यकता अनुसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता भनि सम्झनु पर्छ ।

## परिच्छेद २

## नगर प्रहरी कर्मचारीको पद र कार्यालय सम्बन्धि व्यवस्था

**३. नगर प्रहरी कर्मचारीको पद :** (१) नगरपालकिामा रहने नगर प्रहरी कर्मचारीको पद देहाय वमोजिम हुनेछ ।

(क) नगर प्रहरी सहायक स्तर सरह हुनेछ ।

(ख) नगर प्रहरीको पद देहाय वमोजि हुनेछ ।

(१) नगर प्रहरी नायव निरीक्षक (सहायक स्तर पाँचौ) जना- १

(२) नगर प्रहरी सहायक निरीक्षक (सहायक स्तर चौथो) जना- १

(३) नगर प्रहरी हवल्दार (सहायक स्तर द्धितीय) जना- ३

(४) नगर प्रहरी जवान (सहायक स्तर प्रथम)

(५) नगर प्रहरी सहयोगि जना-१ (श्रेणी विहिन)

उप-दफा (१) अनुसारका पदहरु मध्ये आवश्यकता अनुसारका पदहरु र ती पद अर्न्तगत रहने नगर प्रहरी कर्मचारीको दरवन्दी र संख्या नगरसभाले स्वीकृत गर्नेछ ।

(२) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा कुल संख्याको ३३ प्रतिशत महिला अनिवार्य गरिनेछ ।

(३) नगरपालिकाले आवश्यक मापदण्ड बनाई प्रत्येक पदको कार्यविवरण लागू गर्नेछ र त्यस्तो कार्यविवरणमा सम्बन्धित पदको काम, कर्तव्य र अधिकार समेत उल्लेख गरिनेछ ।

(४) नगर प्रहरी निरीक्षकको पदपूर्ति नहुदासम्मको अवधिमा क्रमशः दोस्रो वा तेस्रो वरियता कायम रहने व्यक्तिलाई वरिष्ठ तोक्न सकिनेछ ।

(५) नगर प्रहरी मापदण्ड नबनेसम्म प्रमुख प्रशासकीय अधिकृतले तोकेवमोजिम हुनेछ ।

**४. पदसंख्या निर्धारण :**

नगर प्रहरीको पद संख्या देहाय बमोजिम निर्धारण हुनेछ ।

(१) नगर प्रहरी कर्मचारीको (नगर प्रहरी नायव निरीक्षक जना-१ समेत) को अनिवार्य रुपमा व्यवस्था हुने गरी नगर प्रहरीको पदसँख्या दफा ३ (१, ख) वमोजिम वढीमा १८ जना हुनेछ ।

**५. कार्यालय सम्बन्धि व्यवस्था :**

नगर प्रहरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहनेछन् र आवश्यकता अनुसार वडा कार्यालयहरुमा समेत परिचालन गर्न सकिनेछ ।

## <u>परिच्छेद ३</u>
## पदपूर्ति सम्बन्धि व्यवस्था

**६. नगर प्रहरी सेवाको पदपूर्ति :**

(क) नगर प्रहरी नायव निरीक्षक र सहायक निरीक्षकको पदपूर्ति नेपाली सेना, नेपाल प्रहरी वा अन्य सुरक्षा निकायबाट अवकाश प्राप्त वा सुरक्षा निकायका अधिकृत अनुसुची-२ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(ख) नगर प्रहरीको पदपुर्ति अनुसुची-२ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(ग) नगर प्रहरीको पदपुर्ति गर्दा दफा ४ बमोजिम चाहिने पदसंख्या अनुसार नेपालको सविंधान, २०७२ एवम् प्रचलित ऐन कानुनमा विद्यमान रहेको समावेशिताको व्यवस्था अनुसार भर्ना गर्नु पर्छ ।

(घ) पदपूर्ति समितिले पदपूर्ति प्रतिशत निर्धारण गर्दा स्थानीय जनसंख्याको आधारमा सकेसम्म समावेशी सहभागितालाई आत्मसाथ गर्नेछ ।

**७. पदपूर्ति समितिको गठन :**

(क) नगर प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन हुनेछ :-

(१) प्रमुख प्रशासकीय अधिृकत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - अध्यक्ष
(२) जिल्ला प्रशासन कार्यलयको प्रशासकीय अधिकृत - सदस्य
(३) नगर कार्यपालिकाको कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(४) अवकाश प्राप्त वा कार्यरत अधिकृत स्तरको प्रहरी वा सुरक्षाकर्मी -विज्ञ सदस्य
(५) नगर कार्यपालिका कार्यालयका अधिकृत कर्मचारी - सदस्य सचिव

(ख) दफा (क) बमोजिम गठन भएको पदपूर्ति समितिले खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि नगरप्रमुख समक्ष सिफारिश गर्न आफु मध्येबाट कार्यपालिका सदस्यको संयोजकत्वमा सुरक्षा विज्ञ सहितको जना-३ सदस्यीय उपसमिति गठन गरी आफुमा रहेको अधिकार सुम्पन सक्नेछ ।

(ग) दफा ७ को दफा (क) बमोजिम गठन भएको पदपूर्ति समितिमा विज्ञ सदस्यको रुपमा राखिएका अवकाश प्राप्त अधिकृत स्तरको प्रहरी वा सुरक्षाकर्मी आमन्त्रित सदस्यको रुपमा रहनेछ ।

**८. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(क) पदपूर्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछ ।

(१) नगर प्रहरी नायव निरीक्षक र सहायक निरीक्षक (वरिष्ठ समेत) को पाठयक्रम निर्धारण गर्ने,
(२) पदपूर्ति कार्यतालिका बनाउने,
(३) परीक्षाको किसिम तोक्ने,
(४) पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,
(५) परीक्षा संचालन गर्ने र नतिजा प्रकाशन गर्ने र
(६) नियुक्तिको लागि सिफारिस गर्ने ।

(ख) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा कुनै प्रकारको अवरोध वा जटिल समस्या आइपरेमा अख्तियारवाला समक्ष लिखित रुपमा जानकारी गराई निकास निकालिनेछ ।

**९. न्युनतम योग्यता :**

नगर प्रहरी नायव निरीक्षक, सहायक निरीक्षक र नगर प्रहरी पदमा खुल्ला प्रतियोगिताद्धारा पूर्तिको लागि चाहिने न्यूनतम योग्यता अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

**१०. विज्ञापन प्रकाशन :**

(क) पदपूर्ति समितिले पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्दा राष्ट्रिय स्तरको पत्रिकामा कम्तिमा ३० दिनको दरखास्त दिन सक्ने समयावधी राखेर देहायको बिषय समेत खुलाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(१) पदको नाम,
(२) आवश्यक संख्या (पुरुष र महिला संख्या समेत खुलाउनु पर्ने),
(३) दरखास्त दिने म्याद र स्थान,
(४) दरखास्त दस्तुर,
(५) आवश्यक न्युनतम शैक्षिक योग्यता,
(६) पेश गर्नु पर्ने आवश्यक प्रमाणहरु,
(७) सम्पर्क मिति र स्थान,
(८) परीक्षाको तरिका र
(९) अन्य शर्तहरु

(ख) पदपूर्ति समितिले दफा १० (क) बमोजिम विज्ञापन प्रकाशन गर्दा चाहिए बमोजिमको संख्या र बिषय एवं शर्त अनुसारको दरखास्त नपरेको अवस्थामा समितिको बैठक निर्णय अनुसार शर्तहरु थपघट गरी पुनः विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

**११. दरखास्त फाराम र प्रवेशपत्रको ढाँचा :**

(क) उम्मेदवारको दरखास्त फाराम र प्रवेशपत्रको ढाँचा अनुसुची-३ र अनुसुची-४ मा उल्लेख भए अनुसार हुनेछ ।

(ख) उम्मेदवारले प्रवेशपत्र हराएमा निजसंग तोकिएको शुल्क तिराई प्रवेशपत्रको प्रतिलिपी उपलब्ध गराइनेछ ।

**१२. परीक्षा संचालन :**

(क) पदपूर्ति समितिले आवश्यकता अनुसारको परीक्षाको किसिम तय गरी परीक्षा संचालन हुनेछ ।

(ख) दफा (क) बमोजिम परीक्षा संचालन गर्दा हरेक परीक्षाको नतिजा प्रकाशन भएपश्चात्त क्रमवद्ध ढंगले परीक्षा संचालन हुनेछ ।

**१३. नतिजा प्रकाशन :**

(क) उम्मेदवारले प्रथम परीक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर प्रकाशित नतिजा अनुसार अर्को परिक्षामा सामेल हुन पाउनेछन ।

(ख) उम्मेदवारको लागि तय गरिएको अन्तिम प्रकारको परिक्षा अघिको नतिजा प्रकाशन गर्दा आवश्यक माग संख्यामा सो को दुई तिहाई संख्याले थप हुने गरी उतिर्ण भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गरिनेछ ।

(ग) पदपूर्ति समितिले अन्तिम प्रकारको परिक्षा संचालन पश्चात नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग संख्यामा उतिर्ण बाहेक एक तिहाई संख्याले हुन आउने उम्मेदवारहरु वैकल्पिक उतीर्ण उम्मेदवार हुने गरी नतिजा प्रकाशन गरिनेछ ।

(घ) पदपुर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्नेछ ।

**१४. नियुक्ति गर्ने अधिकारी :**

(क) पदपूर्ति समितिले नगरप्रमुख समक्ष सिफारिस गर्नेछ । उक्त सिफारिस भएपश्चात्त नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाई नियुक्ति दिनेछन ।

(ख) नियुक्ति दिने अधिकारीले सफल उम्मेदवारहरुलाई अनुमोदन भएको पन्ध्र दिन भित्र नियुक्ति दिनुपर्नेछ ।

(ग) नगर प्रहरीले आत्मरक्षा वा कार्यालयको सुरक्षणमा खटिए वापत घरेलु साधनको रुपमा लठ्ठि मात्र प्रयोग गर्न सक्नेछ ।

**१५. परीक्षण काल :**

(क) नगर प्रहरी नायव निरीक्षक, सहायक निरीक्षक र नगर प्रहरी पदमा नियुक्ति पाएको नगर प्रहरीलाई १ (एक) बर्षसम्म परीक्षण कालमा राखिनेछ । उक्त परीक्षणकाल सन्तोसजनक रहेमा निजको सेवालाई तोकिएको अवधिसम्म निरन्तरता दिइनेछ ।

## परिच्छेद ४
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**१६.नगर प्रहरीको काम, कर्तव्य र अधिकार :**

(क) नगर प्रहरीको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हनेछ ।

(१) नगरपालिकाको नीति, कानून, मापदण्ड र निर्णय कार्यान्वयन गर्ने । नगरपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्ति जस्तै बाटो, ढल, पाटी-पौवा, मठ मन्दिर, पेटी, चउर, आदिको हानी नोक्सानी हुन नदिन नियमित रुपमा रेखदेख र सुरक्षाको व्यवस्था गर्ने र सो को जानकारी सम्बन्धित वडा कार्यालय मार्फत नगरपालिका प्रशासनलाई गराउने

(२) सडे गलेका र वासी खानेकुराहरु बिक्री गरेको फेला परेमा प्रारम्भिक कार्यवाही चलाउने ।

(३) चुङ्गीकर छली ल्याएको, ईजाजत वेगर पेशा व्यवसाय गरेको तथा विज्ञापन गरेको भेट्टीएमा आवश्यक कार्यवाहीको लागि सम्बन्धित वडा कार्यालयलाई जानकारी गराउने ।

(४) घर बहाल कर र फुटपाथ, हाटबजार कर उठाउने कार्यमा आवश्यक सहयोग गर्ने । साथै इजाजतविना पेशा व्यवसाय गरेको फेला परेमा व्यवसाय दर्ता, नवीकरण गर्न लगाउने ।

(५) छाडा पशु चौपायाहरुलाई पक्राउ गरी कान्जी हाउस पुऱ्याउने कार्यमा सहयोग गर्ने ।

(६) सार्वजनिक आवागमनमा वाधा पु¥याउने गरी थुपारेका निर्माण सामाग्रीहरु हटाउन लगाउने । सरसफाई कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गर्ने ।

(७) विना ईजाजत घर निर्माण कार्य भएको भेटिएमा रोक्का गरी सम्बन्धित वडा कार्यालय मार्फत कारवाही चलाउने व्यवस्था गर्ने ।

(८) नगरपालिका ऐन, नियम र आदेशको बर्खिलाप गर्ने मानिसलाई सो नगर्न अनुरोध गर्ने र नमानेमा आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।

(९) नगरपालिकाको सम्पत्तिको नगरपालिकाको सम्पत्तीको सुरक्षा र सुरक्षण गर्ने । रेखदेखमा सहयोग पु¥याउने ।

(१०) कार्यालयको अत्यन्त जरुरी पत्र बुझाउने काममा सहयोग गर्ने तथा नगरपालिकाले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने ।

(११) बिना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने ।

(१२) आफु खटिएको कार्यालयको निर्देशानुसार अन्य कार्यहरु गर्ने ।

(१३) नगरपालीकाको न्यायिक तथा मेलमिलाप कार्यमा आवश्यक सहयोग गर्ने ।

(१४) विपद् व्यवस्थापनको क्षेत्रमा नगरपालिकाबाट संचालन गरिएको सबै गतिविधिमा सहभागि हुने ।

(१५) नगरपालिकाबाट संचालन गरिएको दमकल परिचालन गर्न आवश्यक मात्रामा खटिने, खटाउने र प्रतिवेदन पेश गर्ने ।

(१६) बसपार्क र पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(१७) नगरपालिका माताहातका शाखा, आयोजना तथा कार्यक्रम अन्र्तगत तोकिए वमोजिमका कार्यहरु गर्ने गराउने ।

(१८) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा आएका हाटवजार र अस्थायी प्रकृतिका वजारहरुको रेखदेख गर्ने तथा व्यापारीहरुको लगत राख्ने ।

(१९) होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यवसायमा हुने गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप सञ्चालन भएको नदेखिएमा कारवाहीको लागि पेश गर्न ।

(२०) नगरपालिकाको सुरक्षा गर्ने, पालोपहरा दिने मर्यादा पालकको कार्य गर्ने ।

(२१) नगर प्रहरीको अन्य काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतले तोकेवमोजिम हुनेछ ।

(ख) नगर प्रहरी निरीक्षकले दफा १६ को उपदफा (क) बमोजिमका काम कर्तव्य र अधिकारहरुको जिम्मेवारी वहन गर्नुका साथै मातहतका नगरपालिका नगर प्रहरीहरुको कार्यमा समन्वय ल्याउनुका साथै निरीक्षण एवं नियन्त्रण गर्नु पर्नेछ ।

## परिच्छेद ५
## विदा एवं पारिश्रमिक सम्बन्धि व्यवस्था

**१७. विदा सम्बन्धि व्यवस्था :**

(क) नगर प्रहरीहरुले नेपाल सरकारले तोकेको सार्वजनिक विदा बाहेक देहाय बमोजिमको थप विदा उपभोग गर्न पाउनेछन ।

(१) नगर प्रहरीले बर्षभरीमा जम्मा १२ दिन घर विदा पाउनेछन ।

(२) नगर प्रहरीले बर्षभरीमा जम्मा १२ दिन बिरामी विदा पाउनेछन ।

(३) नगर प्रहरीले बर्षभरीमा जम्मा ६ दिन भैपरी विदा पाउनेछन ।

(४) पुरुष नगर प्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक १५ दिनको दरले सुत्केरी स्याहार विदा पाउनेछन ।

(५) महिला नगर प्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक ९८ दिनको दरले सुत्केरी विदा पाउनेछन ।

(६) नगर प्रहरीले आफ्नो कुल धर्म अनसार क्रिया बस्नु परेमा वा निजको परिवारमा काज क्रिया गर्नको लागि सहोदर नाता सम्बन्धि व्यक्ति क्रिया बसेमा काज क्रियामा सघाउन र महिला  नगर प्रहरीको हकमा निजको पति क्रिया बस्नु परेमा जम्मा १५ दिन क्रिया विदा पाउनेछन ।

(ख) दफा क मा उल्लेख भए बाहेक अन्य कुनै प्रकारको विदा दिइने छैन ।

(ग) दफा क मा उल्लेख भए अनुसारका विदाहरु अर्को बर्षको लागि सचिंत गर्न पाइने छैन ।

**१८. पारिश्रमिक सम्बन्धि व्यवस्था :**

(क) नगर प्रहरीहरुको तलब/पारिश्रमिक देहाय बमोजिम हनेछ ।

(१) नगर प्रहरीहरुको मासिक तलब/पारिश्रमिक नेपाल सरकारले नेपाल प्रहरी तर्फ तोकेको न्युनतम मासिक पारिश्रमिक भन्दा बढी नहुने गरी करार सम्झौतामा उल्लेख भए वमोजिम नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) नगर प्रहरीको मासिक तलब वा पारिश्रमिक दफा (क) को १ बमोजिम तोकिएको पारिश्रमिक भन्दा थप सुविधा नगर कार्यपालिकाले तोकेवमोजिम हुनेछ ।

(ख) नगरपालिका प्रहरीहरुले कुनै पनि विदा बचाए बापत थप पारिश्रमिक सुविधा पाउने छैनन् ।

(ग) नगर प्रहरीले १ बर्ष कार्य गरे पश्चात अर्को बर्ष कार्य गर्दा खाइपाई आएको मासिक पारिश्रमिकको शत प्रतिशतले हुन आउने रकम चाडपर्व खर्च बापत आर्थिक सुविधाको व्यवस्था हुनेछ ।

(घ) नगर प्रहरीहरुले तोकिएको कार्यक्षेत्रमा खटिएको व्यहोरा सम्बन्धित वडा वा नगरपालिका कार्यालयले प्रमाणित गरे पश्चात्त पारिश्रमिक भुक्तानी हुनेछ ।

(ङ) सेवा अवधिभित्र कारणवस कुनै नगर प्रहरीको मृत्यु हुन गएमा अन्त्येष्टी क्रियाकलाप सम्पन्न गर्न नगरपालिकाले बढीमा रु. ५००००/-(रुपैया पचास हजार मात्र) रकमसम्म काजक्रिया खर्च उपलव्ध गराउने छ ।

हरिवन नगरपालिका

(च) नगर प्रहरीले कार्यालय समयका अतिरिक्त समयमा सेवा/कार्य गरेवापत नेपाल प्रहरी तर्फ नवलपरासी (ब.सु.प) जिल्लाको प्रहरी कर्मचारीले पाए सरहको राशत भत्ता उपलव्ध गराउन सकिनेछ ।

## परिच्छेद ६

## अनुगमन, कार्य सम्पादन मुल्याङ्कन एवं नियन्त्रण

**१९. अनुगमन :**

(क) नगरपालिका तथा यसले ओगटेको भुभाग भित्र खटिएका नगर प्रहरीको कार्यको अनुगमन कार्यलाई देहाय बमोजिम गरिनेछ ।

(१) नगर प्रहरी खटिएको वडाको हकमा तहाँको वडा कार्यालयले तोकेका कर्मचारीले र नगर कार्यपालिकाको हकमा तहाँबाट तोकिएका कर्मचारीले नियमित अनुगमन गर्नेछन ।

(२) नगरपालिका प्रशासनबाट समेत नियमित अनुगमन कार्य गर्नु पर्दछ ।

(३) नगरपालिका अन्तर्गतका वडा कार्यालयले तहाँ खटिएका नगर प्रहरीको अनुगमन प्रतिवेदन प्रत्येक ३ महिनामा नगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) नगरपालिका कार्यालयले वडा कार्यालयहरुबाट प्राप्त गरेको र आफ्नो अनुगमन प्रतिवेदन समेत तयार पारी प्रमुख प्रशासकीय अधिकृतमार्फत नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(ख) नगर प्रहरीले प्रयोग गर्ने जिन्सी सामाग्रीहरुको नगरपालिका प्रशासनबाट तथा तोकिएको कर्मचारीबाट आवश्यकता अनुसार छड्के एवं नियमित जाँच हुनु पर्दछ ।

२०.**कार्य सम्पादन मुल्याङ्कन एवं नियन्त्रण :**

(क) दफा १९ दफा (क) को ३ र ४ बमोजिम प्राप्त प्रतिवेदनहरुको आधारमा तेस्रो त्रैमासिकको अनुगमन प्रतिवेदन अख्तियारवाला समक्ष पेश भए पछि नगर प्रहरीको कार्य सम्पादन मुल्याकंन कार्य हुनेछ ।

(ख) दफा २० को (क) अनुसार कार्य सम्पादन मुल्याकंन गर्नको लागि आवश्यक विधि र प्रक्रियाको प्रमुख प्रशासकिय अधिकृतले ढाँचा तयार गरी/गर्न लगाई नगरकार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ ।

(ग) दफा २० को (क) र (ख) अनुसार नगर प्रहरीको सेवा अवधि थप गर्ने वा नगर्ने भन्नेमा नगरपालिका कार्यालयले नगरकार्यपालिकाको बैठकमा सिफारिस गर्नुपर्नेछ ।

(घ) नगर कार्यपालिकाको बैठकबाट सिफारिस अनुमोदन भई आएपश्चात प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको सेवा अवधि थप गर्नेछन ।

(ङ) नगर प्रहरीले आफु जुन वडा वा स्थानमा नगरपालिकाद्धारा खटाइएको हो सो कार्यक्षेत्र वा वडाको कार्यालयमा दैनिक रुपमा उपस्थित भई हाजिरी जनाई कार्य सम्पादन गर्नुपर्नेछ ।

(च) नगर प्रहरीको कार्य सम्पादन स्तरलाई उच्छृङ्खल हुन नदिन तोकिएको कार्यक्षेत्रका वडा कार्यालय र नगरपालिका कार्यालयले नियन्त्रण र आवश्यक निर्देशन गर्नेछ ।

## परिच्छेद७
## विविध

**२१. पोशाक :**

(क) नगर प्रहरी (नायव निरीक्षक समेत) को पोशाक नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) दफा (क) बमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधानको प्रतिकुल हुने खालको पोशाकको व्यवस्था गर्न पाइने छैन ।

(ग) नगरपालिकाको कार्यालयले पोशाक खर्च बापत नगर प्रहरी निरीक्षकमार्फत रकम उपलब्ध गराउन सक्नेछ ।

(घ) अतिरिक्त काम गरे बापत आन्तरिक आय वृद्धिसंगै थप सुविधा उपलब्ध गराउने छ ।

**२२. जिन्सी सामाग्री सम्बन्धमा :**

(क) नगरपालिकाको कार्यालयले दफा २१ को दफा (क) बाहेकको आवश्यक पर्ने जिन्सी सामाग्रीहरु नगर प्रहरी लाई उपलब्ध गराउनेछ ।

(ख) नगर प्रहरी निरीक्षकले आफुले प्राप्त गरेका जिन्सी सामाग्रीहरु मासिक रुपमा अद्यावद्यीक गरी राख्नु पर्नेछ ।

**२३. विदा सम्बन्धि थप व्यवस्था :**

(क) नगर प्रहरी निरीक्षकले परिक्षण काल भरी परिच्छेद ५ को दफा १७ अनुसार पाउने विदा मध्ये घर विदा र बिरामी विदा पाउने छैन ।

(ख) परीक्षण काल समाप्त भए पश्चात दफा (क) अनुसार नपाइने विदा समेतलाई जोडी दफा १७ अनुसार नै विदाको सुविधा प्राप्त हुनेछ ।

**२४. उपदान सम्बन्धमा :**

(क) नगर कार्यपालिकाले नगर प्रहरी निरीक्षकले लगातार ५ बर्ष सेवा गरे पश्चात उपदान स्वरुप कार्यपालीकाले तोके बमोजिम आर्थिक सुविधा दिन सक्नेछ ।

(ख) दफा (क) अनुसार नगरकार्यपालिकाले नियम बनाई उपदानको व्यवस्था गर्नेछ ।

**२५. राजिनामा सम्बन्धमा :**

(क) नगर प्रहरी नायव निरीक्षक वा नगर प्रहरीले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा नगरपालिकाको कार्यालयमा आफुले कार्य छोडनु १ (एक) महिना अघि नै राजिनामा दिनु पर्नेछ ।

(ख) माथि दफा (क) मा जे लेखेको भएपनि यदि नगर प्रहरी (नायव निरीक्षक समेत) ले असाध्य रोगव्याधिले वा ठुलो चोटपटकले गर्दा सेवा त्याग गरेमा वा निजको मृत्यु भएको खण्डमा निजले पाउनु पर्ने बांकी पारिश्रमिक रकम निजको एकाघरको हकवालालाई नगरपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।

**२६. बिमा सम्बन्धमा :**

नगरकार्यपालिकाले नगर प्रहरीको सुरक्षालाई ध्यानमा राख्दै उनीहरुको लागि आवश्यक बीमाको व्यवस्था गर्नु पर्ने छ ।

**२७. ऐन नियमको पालना :**

नगरपालिकाको कार्यालयले यस कार्यविधि अनुसार करार सेवामा नियुक्त भएका प्रहरीहरुसंग सम्बन्धित दण्ड सजाय एवं पुरस्कारको लागि आवश्यक काम कार्यवाही गर्दा नेपालको संविधानको साथै देशमा विद्यमान रहेका ऐन, नियममा रहेका प्रावधानहरुको अवलम्बन गरी आवश्यक काम कार्यवाही गर्नेछ ।

**२८. ज्यालादारी व्यवस्था :**

(क) नगरपालिकाले आफ्नो भौगोलिक कार्यक्षेत्रको सुरक्षा वा मेला, चाडपर्व जस्ता अन्य कार्यको लागि अत्यावश्यक लागेमा दैनिक ज्यालादारीमा समेत नगर प्रहरीको व्यवस्थापन गर्न सक्नेछ ।

(ख) दफा २८ (क) अनुसार प्रहरीको नियुक्ती र पारिश्रमिक तोक्ने कार्य नगरपालिका प्रमुखबाट अनुमती लिई प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(ग) दफा २८ (क) अनुसार नियुक्त भएको प्रहरीको अभिलेख राख्ने, कार्य सम्पादन गर्न लगाउने, अनुगमन गर्ने र हाजिरी प्रमाणित गर्ने कार्य नगरपालिका प्रशासन वा तोकिएको वडा कार्यालयले गर्नेछ ।

(घ) ज्यालादारीमा खटिएका नगर प्रहरीको पारिश्रमिक नेपाल सरकारले अदक्ष कामदारको लागि तोकेको न्युनतम दैनिक ज्याला दर भन्दा कम नहुने गरी दिइनेछ ।

**२९. नगर प्रहरीको जेष्ठताक्रम कायम गर्ने:**

(क) नगर प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अँक ( अुशासन, काम कर्तव्य, सिनियर, पुरस्कार, योग्यता र कार्यदक्षता) को आधारमा कायम गरिनेछ ।

(ख) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

(ग) नगर प्रहरीको सेवा अवधिमा उमेरहद ५८ वर्ष कायम रहनेछ ।

**३०. प्रशासनिक व्यवस्थापन :**

यस कार्यबिधि अनुसार नियुक्त गरिएका सम्पुर्ण नगरपालिकाका नगर प्रहरी (नगर प्रहरी नायव निरीक्षक समेत) हरुको प्रशासनिक व्यवस्थापन गर्ने कार्य नगरपालिका कार्यालयको प्रशासन शाखा वा तहाँबाट व्यवस्था भए बमोजिम हुनेछ ।

**३१.अख्तियारी सम्बन्धमा :**

यो नगर प्रहरी ब्यबस्थापन कार्यबिधि, २०८१ मा व्यवस्था गरिएका दफा, उपदफाहरु संसोधन एवं थपघट गर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

३२. **बचाउ :** (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो कार्यविधि लागू हुनुपूर्व भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसुची - १

## करार सम्झौताको नमुना फाराम

### (दफा २ को उपदफा ढ संग सम्बन्धित) नगरकार्यपालिकाको

### करार सेवा सम्भौता पत्र

बर्दघाटनगरँकार्यपालिकाको कार्यालय र जिल्ला नवलपरासी, बर्दघाटनगरपालिका, वडा नं. ..... बस्ने श्री ................................ बिच भएको सेवा करार लिने दिने सम्बन्धिको करार पत्र ।

बर्दघाटनगरँकार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र जिल्ला नवलपरासी बर्दघाटनगरपालिका, वडा नं. ..... बस्ने .................................. को छोरा/छोरी बर्ष ....... को श्री.......................... (यस पछि दोस्रो पक्ष भनिने) का बिच बर्दघाटनगरपालिका भित्र सुरक्षा र रेखदेख कार्यको लागि नगरपालिका पदमा सेवा करारमा लिने दिने कार्यको लागि देहायको शर्तहरुको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उप्लब्ध गराउन मन्जुर भई करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं ।

१. यो करारनामाको अवधि मिति २०८१। .... गतेबाट २०८१।... गतेसम्म जम्मा ६ महिनाको परिक्षण कालको हुनेछ ।
२. सेवा गरे बापत महिना भुक्तानी भए पछि मासिक पारिश्रमिक बापत रु. ...................... (अक्षरुपी ...........................................) प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।
३. कुनै कारणवश दोश्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा वा करार भंग गर्न चाहेमा १ महिना अघि नै प्रथम पक्षलाई लिखित जानकारी वा राजिनामा दिनु पर्नेछ । अन्यथा दोश्रो पक्षले १ महिनाको पारिश्रमिक बराबरको रकम प्रथम पक्षलाई बुझाउनु पर्ने छ ।
४. दोश्रो पक्षले सेवा त्याग गर्दा आफुसंग रहेको जिन्सी सामान र तिर्नु पर्ने बाकी बुझाई फरफारक गर्नु पर्नेछ र सो बमोजिम नभएमा प्रथम पक्षले दोश्रो पक्षलाई नियमानुसार कारवाही गर्नेछ ।
५. दोश्रो पक्षले यस करारपत्रका साथ संलग्न कार्यविवरण अनुसारको काम, कर्तव्य र अधिकार सम्बन्धि जिम्मेवारीमा कुनै प्रकारको ढिलासुस्ती, लापरवाही गरेमा वा कुनै पनि तोकिएको काम समयमा जिम्मेवारी पुर्वक पुरा नगरेमा वा दोश्रो पक्षको काम पहिलो पक्षलाई सन्तोषजनक नलागेमा पहिलो पक्षले कुनै पनि समय करार भंग गर्न वा काम नभएको अवधीको सुविधा कट्टा गर्न सक्नेछ ।
६. दोश्रो पक्षले गैह्र जिम्मेवारी ढंगले काम गरी पहिलो पक्षलाई हानी नोक्सानी पुर्‍याएमा पहिलो पक्षले तोके बमोजिमको हानी नोक्सानीको रकम हर्जाना स्वरुप दोश्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।
७. दोश्रो पक्षले करार तथा संलग्न अनुसारको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु नगरपालिका नगर प्रहरी ब्यबस्थापन कार्यबिधि ,२०७५ मा व्यवस्था भए बमोजिम प्राप्त गर्न सक्नेछ ।
८. दोश्रो पक्षको कार्य पहिलो पक्षलाई सन्तोषजनक लागेमा पहिलो पक्षले दोश्रो पक्ष संगको करार नियुक्ति सदर गरी अवधि थप गर्न सक्नेछ ।
९. प्रथम पक्षले दोश्रो पक्षलाई पोशाक खर्च उपलब्ध गराउने छ ।
१०. यस करारनामामा हस्ताक्षर गर्ने दुवै पक्षको पुरा विवरण एवं हस्ताक्षर निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| हस्ताक्षर : ........................... | हस्ताक्षर ...................... |
| नाम थर :.......................... | नाम थर ..................... |
| दर्जा : प्रमुख प्रशासकीय अधिकृत | बर्दघाट न.पा. वडा नं..... |
| कार्यालयको छाप | |

इति सम्वत् २०७५ साल .......... महिना ........ गते ............... रोज ........ शुभम् ।

बर्दघाट नगरपालिका

अनुसुची - २

## नगर प्रहरीको लागि चाहिने न्युनतम योग्यता

**(दफा ६ र ९ संग सम्बन्धित)**

रु. १० को
हुलाकटिक
ट

(क) नगर प्रहरीको लागि चाहिने न्युनतम योग्यता निम्नानुसार रहेको छ ।

१) नेपाली नागरिकता भएको ।

२) १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । (महिलाको हकमा ४० बर्ष ननाघेको), अवकाश प्राप्त नगर प्रहरीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ । अवकाश प्राप्त सुरक्षाकर्मिको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

३) कम्तीमा ८ कक्षा उतिर्ण भएको ।

४) पुरुषको हकमा शरीरको उंचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के. जी. हुनुपर्ने । (महिलाको हकमा शरीरको उंचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने)

५) कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

६) शारिरीक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।(स्वास्थ्य परीक्षण प्रतिवेदन)

(ख) नगर प्रहरी नायव निरीक्षक र सहायक निरीक्षकको लागि चाहिने न्युनतम योग्यता निम्नानसार रहेको छ ।

१) नेपाली नागरिकता भएको ।

२) २५ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

३) नगर प्रहरी नायव निरीक्षकको हकमा कम्तीमा नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा कक्षा-१२ उतिर्ण भएको ।

४) नगर प्रहरी सहायक निरीक्षकको हकमा कम्तीमा नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (एस.एल.सि./एस.ई.ई) परिक्षा उतिर्ण भएको ।

५) कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

६) शारिरीक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।

७) नेपाली सेना, नेपाल प्रहरी वा सुरक्षा सेवामा घटिमा ५ बर्षको अनुभव भएको ।

८) नगर प्रहरीको सेवा अवधिमा उमेरहद ५८ वर्ष कायम रहनेछ ।

(ग) नगर प्रहरी कर्मचारीहरुको कार्य विवरणः नगर प्रहरी कर्मचारीको कार्य विवरण नगर कार्यपालिकाको कार्यालयले तोकेवमोजिम हुनेछ ।

अनुसुची - ३

## बर्दघाटनगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

# दरखास्त फारामको नमुना

**(दफा ११ को उपदफा क संग सम्बन्धित)**

| पासपोर्ट साईजको फोटो |
|---|

**नियुक्त हुन चाहेको पद :**
**विज्ञापन नम्बर :**
**आवेदन पेश गरेको कार्यालय :**
**व्यक्तिगत विवरण :**
**नाम थर :**
**जन्म मिति :**
**स्थायी ठेगाना :**
**बाबुको नाम :** **हजुर बाबाको नाम :**
**आमाको नामः**
**पेशा :**
**विवाहित वा अविवाहित :**
**शैक्षिक योग्यता : .................. उतिर्ण**
**नागरिकता नम्बर :** **नागरिकता जारी भएको मिति/जिल्ला :**

**संलग्न गरेको प्रमाण पत्रको प्रतिलिपीहरु :**

१.
२.
३.
.....
......

| **औंठा छाप** | |
|---|---|
| | |
| दांया | बांया |

**माथी उल्लेख गरेका र संलग्न गरेका जानकारी एवं कागजातहरु सही सांचो हुन । फरक परे कानुन बमोजिम सहुँला बुझुँला ।**

**मितिः** **निवेदकको हस्ताक्षर**

बर्दघाट नगरपालिका

अनुसुची - ४

## प्रवेश पत्रको नमुना

**(दफा ११ को उपदफा क संग सम्बन्धित)**

### परिक्षा प्रवेश पत्र

पासपोर्ट साईजको फोटो

नियुक्त हुन चाहेको पद :
विज्ञापन नम्बर :
विज्ञापन मिति :
दर्ता नम्बर :
नाम थर :
श्रेणी, तह :
उम्मेदवारको दस्तखत नमुना :

**सम्बन्धित कर्मचारीले भर्ने :**

**यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तंपाईलाई संलग्न हुन अनुमती दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमती रद्ध हुन सक्नेछ।**

**मिति :**

..........................
**अधिकृतको दस्तखत**

..........................................................................................................................

### परिक्षा प्रवेश पत्र

पासपोर्ट साईजको फोटो

नियुक्त हुन चाहेको पद :
विज्ञापन नम्बर :
विज्ञापन मिति :
दर्ता नम्बर :
नाम थर :
श्रेणी, तह :
उम्मेदवारको दस्तखत नमुना :

**सम्बन्धित कर्मचारीले भर्ने :**

**यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तंपाईलाई संलग्न हुन अनुमती दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमती रद्ध हुन सक्नेछ।**

**मिति :**

..........................
**अधिकृतको दस्तखत**

अनुसुची - ५

**नगर प्रहरीमा हुनुपर्नेआचरण**

**(दफा १६ को उपदफा (क) संग सम्बन्धित)**

नगरपालिका नगर प्रहरीमा हुनुपर्ने आचरण देहाय अनसार रहेका छन ।

१. कुनै प्रकारको कुलतमा परेको नहुनु पर्ने,

२. सरल, ईमान्दार र सहयोग गर्न तत्पर हुनु पर्ने,

३. कुनै राजनैतिक पार्टीको सदस्य नहुनु पर्ने,

४. कुनै प्रकारको अपराधिक गिरोहमा आवद्ध नहुनु पर्ने,

५. कुनै प्रकारको फौज्दारी अभियोग नलागेको हुनु पर्ने,

६. डयुटीमा खटिएको समयमा कुनै प्रकारको मादक पदार्थ सेवन गर्न नहुने र

७. डयुटीमा खटिएको समयमा कोही व्यक्ति संग झगडा एवं रिसराग गर्न नहुने ।

आज्ञाले,

(प्रकाश खनाल)

प्रमुख प्रशासकीय अधिकृत